रोल्पा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लिवाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७९/०८०

च.न. १६२०

मितिः २०८०/०२/०८

श्री विषयगत शाखाहरु सबै,

श्री वडा कार्यालयहरु सबै,

श्री उपभोक्ता समितिहरु सबै,

श्री निर्माण व्यवसायीहरु सबै ।

**विषयः अन्तिम भुक्तानी सम्बन्धमा ।**

उपर्युक्त विषयमा स्थानीय सरकार सन्चालन ऐन २०७४ बमोजिम असार १० गते भित्र स्थानीय तहको नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु पर्ने प्रावधान छ ।महालेखा नियन्त्रक कार्यालयको प.सं. २०७९/८० च.नं. १६३ मिति २०८०/१/१४ को पत्रानुसार संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अन्तिम त्रैमासिक वित्तीय समानिकरण अनुदानको ५०% कटौती भएको अवगत गराउँदछौं ।यस नगरपालिकाबाट सम्झौता भई कार्यसम्पन्न भएका विकास आयोजनाहरु (निर्माण व्यवसायी/उपभोक्ता समितिहरु), वडा तथा शाखाहरुले लिनुपर्ने भुक्तानी असार १० गतेभित्र अनिवार्य रुपले पेश गरिसक्नु होला । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७ अनुसार स्थानीय सन्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा हिसाब भिडान गर्नु पर्ने, चालु आ.व.मा फ्रिज भएर जाने रकमको एकिङ्ग गरी कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पामा फिर्ता गर्नुपर्ने, भुक्तानीका लागि काटिएका सबै प्रकारका करकट्टी रकमहरु चालु आ.व.भित्र बैंकमा दाखिला गरिसक्नु पर्ने साथै कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पामा आय व्ययको प्रतिवेदन पेश गर्नु पर्ने भएकोले समयमै फाइल पेश गरि भुक्तानी लिनुहुन हार्दिक अनुरोध गर्दछौं ।साथै पेश नगरी भुक्तानी हुन बाँकी रहेमा कार्यालय जवाफदेही नहुने व्यहोरा जानकारी गराईन्छ ।

२०८०/०२/०८

बसन्त गिरी

आर्थिक प्रशासन शाखा प्रमुख

महेन्द्र पराजुली

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा- website मा राख्नुहुन र सूचना प्रवाह गर्नु हुन अनुरोध छ ।

Toll Free No. +977-166-086-44555 Ph. +977-086-440071, Ph. +977-086440372

URL: https://www.rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com

CamScanner